आज मिति २०७९ साल श्रावण १५ गते का दिन बिहानको ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेशचन्द्र श्रेष्ठ ज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २७ | सुदिप श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | |

**प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०७८/७९ को प्रगति समिक्षा सम्बन्धमा

२. नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा

३. गरिबी निवारणको लागि लघु उधम विकास कार्यक्रम (MEDPA) सञ्चालन कार्यविधि बमोजिमको उधम विकास समितिको गठन सम्बन्धमा

४. नगर शिक्षा समिति गठन गर्ने सम्बन्धमा

५. कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा

६. सचिवालय नियुक्ति सम्बन्धमा

७. पूराना आयोजना भूक्तानी सम्बन्धमा

८. वडा न ५ र १२ को निर्माणधीन वडा कार्यालयको भवनको डिजाइन सम्बन्धमा

९. उपभोक्ता समिति गठन तथा योजना सम्झौता सम्बन्धमा

१०. कार्यसम्पादन सम्झौता सम्बन्धमा

११. प्रविधिक तथा अन्य प्रशासनीक साथै कृषि तथा पशु सेवाका कर्मचारीहरुको जिम्मेवारी सम्बन्धमा

१२. वडास्तरीय अनुगमन समिति गठन सम्बन्धमा

१३. वडा नागरिक बडापत्र सम्बन्धमा

१४. नगरका तथा नगर मातहतका कार्यालयहरुको रिक्त दरबन्दी सम्बन्धमा

१५. सामाजिक सुरक्षा वितरण सम्बन्धमा

१६. सिद्धिचरणको राजमार्ग अन्तर्गत कान्छी बजार क्षेत्रमा जमेको पानिको व्यवस्थापन सम्बन्धमा

१७. कटारी अस्पताल सम्बन्धमा

१८. अ. दु. अ. आ., टंगालको उजुरी सम्बन्धमा

१९. आ. व. २०७८/७९ भुक्तानी दिन बाँकी आयोजनाहरुको भुक्तानी गर्ने सम्बन्धमा

२०. विविध

**निर्णयहरुः**

**निर्णय नं. १**

यस कटारी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा शाखागत रुपमा स्वीकृत तथा संचालन भएका सबै कार्यक्रमको (२३ वटा बिषय क्षेत्रगत) विवरण सहित प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको प्रगति प्रतिबेदन माथि गहन समिक्षा तथा छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस कटारी नगरपालिकाको निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री, ढुवानी, मजदुर लगायतको ज्याला निर्धारणआ.व. २०७९/८० को लागि उदयपुर जिल्लाको ज्याला दर तथानिर्माण सामग्रीहरुको स्वीकृत जिल्ला दररेटलाई नै आधार मान्ने निर्णय गरियो । साथै कटारी नगरको आ.व. २०७९/८०को लागि

घर र जग्गा भाडा तथा क्षतिपूर्ति/मुआव्जा निर्धारण प्रयोजनको लागि विभिन्न प्रकारको घरको बनावट हेरी तपशिल वमोजिम दर कायम गर्ने निर्णय गरियो ।

| सि. नं. | घरको बनावट विवरण | इकाइ | आ.व. २०७७/७८ को दर (रु) | आ.व. २०७८/७९ को दर (रु) | आ.व. २०७९/८०को दर(रु) |
|---|---|---|---|---|---|
| १ | भवनको निर्माणभित्रकाँचो, वाहिर पाको ईटामामाटोको जोडाई भई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | ६००.० | ६३०.० | ७२४.५ |
| २ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामामाटोको जोडाई भई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | ९६०.० | १००८.० | ११५९.२ |
| ३ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामामाटोको जोडाई भई भित्रवाहिर सिमेण्ट प्लाष्टर भई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | १०८०.० | ११३४.० | १३०४.१ |
| ४ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामामाटोको जोडाई भई भित्रवाहिर सिमेण्ट प्लाष्टर भई छानाआर.वि.सी./आर.सि.सि. । | ब.फु. | १२००.० | १२६०.० | १४४९.० |
| ५ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामावज्रको जोडाई भई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | १४४०.० | १५१२.० | १७३८.८ |
| ६ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामावज्रको जोडाई र भित्रवाहिर सिमेण्ट प्लाष्टर भई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | १६८०.० | १७६४.० | २०२८.६ |
| ७ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामावज्रको जोडाई र भित्रवाहिर सिमेण्ट प्लाष्टर भई छानाआर.वि.सी./आर.सि.सि. । | ब.फु. | २१६०.० | २२६८.० | २६०८.२ |
| ८ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामासिमेण्ट जोडाई भई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | १६८०.० | १७६४.० | २०२८.६ |
| ९ | भवनको निर्माणभित्र, वाहिर पाको ईटामासिमेण्ट जोडाई भई छानाआर.वि.सी./आर.सि.सि. । | ब.फु. | २१६०.० | २२६८.० | २६०८.२ |
| १० | आर.सि.सि.फ्रेम स्टक्चर भवन। | ब.फु. | ३०००.० | ३१५०.० | ३६२२.५ |
| ११ | काठैकाठको भवनभई छानाजस्ता, झिंगटी, टायल, एसवेसटस् सिट। | ब.फु. | १४४०.० | १५१२.० | १७३८.८ |

**भवनको वनावट र फिनिसिङ्ग तथा सामान/उपकरण जडानको आधारमा वर्गीकरण**

क) भवनको भित्र Wall Putty गरी इमल्सन पेन्टिङ्ग गरेको ।

ख) भवनको बाहिर Weather Coat painting/wall cladding/Aluminum composite panelभएको ।

ग) लिफ्ट तथा एक्सालेटर जडान भएको ।

घ) विद्युतीकरणको लागि उच्चस्तरीय सामग्रीको प्रयोग भएको ।

ङ) प्यासेज, भर्याङ्गमामार्वल/पार्केटिङ्गभएको ।

च) शौचालय माटायल, फिक्सर र सि.पि. फिटिङ्ग उच्चस्तरीय प्रयोग भएको ।

छ) अग्नी नियन्त्रण प्रविधि (Fire Hose Reel / Extinguisher)जडान भएको ।

ज) वेसमेण्टमा (Basement) पार्किङ्ग सुविधा भएको ।

झ) Raft/Pile foundation भएको ।

उल्लेखित माथिका सबै सुविध भएको भए**'क'वर्ग,** र उल्लेखित मध्ये कम्तीमा ७ गोटा सुविधा भएको **'ख'वर्ग** अन्यथा **'ग' वर्ग** मानिने छ। यस अनुसार वर्गीकृत गरिएको भवनको हकमा निम्नानुसारको दर कायमहुने छ :

अ) **'ग'** वर्गको भवनको हकमा उपरोक्त तालिका अनुसारको दर मानिने छ ।

आ) **'ख'** वर्गको भवनको हकमा उपरोक्त तालिका अनुसारको दरमा २० प्रतिशत थप गरिने छ ।

इ) **'क'** वर्गको भवनको हकमा उपरोक्त तालिका अनुसारको दरमा ४० प्रतिशत थप गरिने छ ।

घर भाडा मूल्यांकन प्रयोजनको लागि निम्न मुख्य सडकको दायाँ र वायाँ निर्माणभएका घरहरुको हकमा Internal Rate of Return (IRR) १० प्रतिशत र जग्गाको हकमा IRR ५ प्रतिशत कायमगर्ने र मुख्य सडकसंग जोडिएका सहायक सडक र सो सहायक सडकबाट हाँगाफाटेका सडकको दायाँ र वायाँ निर्माण भएका घरहरुको हकमा IRR क्रमशः घटाउदै न्यूनमतम ६ प्रतिशत सम्म कायम गर्ने तथा जग्गाको हकमा IRR क्रमश : घटाउँदै न्यूनतम ३ प्रतिशत कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गरिबी निवारणको लागि लघु उधम विकास कार्यक्रम (MEDPA) सञ्चालन कार्यविधिको ५२ बमोजिम यस कटारी नगरपालिकामा देहाय बमोजिमको सदस्य रहने गरि **उधम विकास समिति**को गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. कार्यपालिकाको प्रमुख | – संयोजक |
| ख. आर्थिक विकास समितिको संयोजक | – सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| घ. संयोजकले तोकेको स्थानीय तहको सभामा प्रतिनिधि गर्ने कार्यक्रम लागू भएको वडाको महिला सदस्य एक जना | – सदस्य |
| ङ. यस न. पा. मा रहेका लघु उद्यमी मध्ये संयोजकले तोकेको एक जना महिला उद्यमी प्रतिनिधि | – सदस्य |
| च. यस न. पा. मा भएका वित्तीय संस्था, सहकारी तथा उद्योग/ व्यवसायसंग सम्बन्धित संघ संस्थाहरु मध्येवाट संयोजकले तोकेको एक जना प्रतिनिधि | -सदस्य |
| छ. शाखा प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. ४**

कटारी नगरपालिका शिक्षा कार्यविधि २०७७ को दफा ७ को बमोजिम नगरपालिका भित्रका विद्यालयहरुको देखदेख र व्यवस्थापन गर्न देहाय बमोजिम **नगर शिक्षा समिति** गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख | – अध्यक्ष |
| नगर उपप्रमुख | – उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| सामाजिक विकास संयोजक | – सदस्य |
| स्रोत व्यक्ति शिक्षा | – सदस्य |
| नगर शिक्षा समितिले मनोनित गरेको नगर कार्यपालिका वा नगर सभाका दलित, अदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग र फरक क्षमता भएका सदस्यहरुमध्येबाट कम्तिमा एकजना महिला सहित | – ३ जना सदस्य |

सामुदायिक विद्यालयका प्रधानाध्यापक वा स्थायी शिक्षक मध्यबाट तहगत रुपमा प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले तोकेको एकजना महिला'सहित – ३ जना सदस्य

नगर भित्र क्रियासील संस्थागत विद्यालयहरुको नगर कार्यसमितिका प्रमुख पदेन –सदस्य

नगरपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना –सदस्य

वडा शिक्षा समितिको संयोजक मध्यबाट नगर प्रमुखले मनोनित गरेको एक जना –सदस्य

नगर शिक्षक महासंघको अध्यक्ष र सचिव गरि दुई जना प्रतिनिधि –सदस्य

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख –सदस्य सचिव

**निर्णय नं. ५**

मिति २०७९ साल साउन महिनाको १३ गतेका दिन कटारी नगरपालिका विधयेक समितिको बैठकबाट पेश भएका तपसिल बमोजिमको निर्देशिका तथा कार्यविधिहरु सर्बसहमतिमा स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिलः**

१. कटारी नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९
२. कटारी नगरपालिकाको नगर खेलकूद विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
३. कटारी नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
४. कटारी नगरपालिका टोल विकास समिति गठन परिचालन कार्यविधि, २०७९
५. कटारी नगरपालिका प्रमुख तथा उपप्रमुखको स्वकीय सचिवालय गठन तथा संचालन सम्बन्धी निर्देशिका, २०७९

**निर्णय नं. ६**

कटारी नगरपालिका प्रमुख तथा उपप्रमुखको स्वकीय सचिवालय गठन तथा संचालन सम्बन्धी निर्देशिका, २०७९ मा स्वकीय सचिव कर्मचारीको व्यवस्थापन गर्ने भएता पनि हाललाई आर्थिक व्ययभार बढ्ने भएकाले नगर प्रमुख तथा उप प्रमुखको स्वकीय सचिवालयमा सो कार्यविधि बमोजिम एक एक जना कर्मचारी राख्ने र आवस्यकता अनुसार थप कर्मचारीको व्यवस्था गर्नु परेमा आवस्यक छलफल गरि राख्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आ. व. २०७८/७९ मा काम भएका र विविध कारणले भुक्तानी हुन बाकी रहेका आयोजना भूक्तानीको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने र भाद्र मसान्तसम्म सो कार्यदलले प्रतिबेदन बनाई कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

संयोजक - उप प्रमुख गीता खड्का
सदस्य - ८ नं. वडाध्यक्ष नविन्द्र तामाङ्ग
सदस्य - १ नं. वडाध्यक्ष पदम लाल मगर
सदस्य - योजना शाखा प्रमुख मोहन बहादुर पौडेल
सदस्य सचिव - ई भुपेन्द्र प्रसाद यादव

**निर्णय नं. ८**

वडा कार्यालय भवन वडा नं. ५ र १२ को निर्माणधीन वडा कार्यालय भवनको डिजाइन प्राविधिक प्रतिबेदन अनुसार संसोधन गर्ने साथै नक्सामा थपिने प्राबिधिक ल.ई. अनुसार थप बजेटको व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

आ. व. २०७९/८० को लागि वडागत रुपमा विनियोजित भएको बजेटमध्ये कम्तिमा ५० प्रतिशत भाद्र मसान्त सम्म उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्नु पर्ने र साथै २५ लाख भन्दा बढीको योजनाहरु इ-बिड (Ebid) मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

नगरवाट प्रवाह हुने सार्वजनीक सेवालाई प्रभावकारी, मितव्यीता, पारदर्शि, नियमित बनाउन नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग तोकिएको कार्य विवरण बमोजिम कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालिकामा कार्यरत प्रविधिक, अन्य प्रशासनीक साथै कृषि तथा पशु सेवाका कर्मचारीहरु सार्वजनिक सेवा तथा क्षमता विकास समितले कर्मचारी व्यवस्था सम्वन्धी गरेको सिफारिस अनुसार नै गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

वाडाभित्र संचालित आयोजनाहरुको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन देहाय अनुसारको **वडा स्तरीय अनुगमन समिति** गठन गर्ने निर्णय गरियो ।

सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक
वडा सदस्यहरु -सदस्य
वडा सचिव - सदस्य सचिव

## निर्णय नं. १३

वडाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु नगरका सेवा ग्राहीहरुले प्रष्ट, सरल र सहज तरिकावाट बुझ्नका लागि सम्पूर्ण वडा कार्यालयहरुमा नागरिक वडापत्र राख्ने निर्णय गरियो ।

| क्र. सं. | सेवा सुविधाको विवरण | सेवा लिनको लागि आवश्यक प्रमाण, कागजात र प्रक्रिया | सेवा लिँदा लाग्ने शुल्क/दस्तुर | सेवा लिन लाग्ने समय | सेवा दिने जिम्मेवार पदाधिकारी | गुनासो सुन्ने पदाधिकारी |
|---|---|---|---|---|---|---|
| १ | नाता प्रमाणित | ➤ निवेदक र निजका के के नाताको को कोसँग नाता प्रमाणित गरिनु पर्ने हो ? सो सम्बन्धी विवरण खुलेको निवेदन,<br>➤ निवेदन र नाता प्रमाणित गरिनु पर्ने व्यक्तिहरुवीच एक आपसमा नाता देखिने कागजात (नागरिकता, जन्म/मृत्यु/विवाह दर्ता प्रमाणपत्र) को प्रतिलिपि,<br>➤ नाता प्रमाणित गर्नुपर्ने सम्बन्धित व्यक्तिहरुको पासपोर्ट साइजको २/२ प्रति फोटो,<br>➤ आवश्यकताको आधारमा स्थलगत सरजमिन भुझ्न सकिने । | ➤एका घरको सिफारिसमा<br>☛अंग्रेजीमा रु.३००/-<br>☛ नेपालीमा रु.२००/-<br>➤ एका घर बाहेकको सिफारिसमा रु.३००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २ | नागरिकता सिफारिस | ➤ नागरिकता लिनेको नाम, थर, वतन, जन्म मिति र वाबु आमाको नाम समेत खुलेको निवेदन,<br>➤ निवेदकको वाबु, आमा वा आफ्ना वंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>➤ विवाहित महिलाको हकमा पति र आमा वुवाको नागरिकता प्रमाणपत्र र विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>➤ विद्यार्थीको हकमा जन्म मिति उल्लेख भएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,<br>➤ अन्यत्रवाट वसाइ सरी आएको भए बसाइसराई प्रमाणपत्रको प्रतिलिपि,<br>➤ दुवै कान देखिने अटो साइजको फोटो ३ प्रति | ☛ सरजमिन वुझ्नु नपर्नेमा रु.१५०/-<br>☛ सर्जमिन वुझ्नु पर्नेमा थप रु.८००/- | ☛सर्जमिन वुझ्नु नपर्नेमा ३० मिनेट<br>☛ सर्जमिन वुझ्नु पर्नेमा भोलिपल्ट सम्म | वडा अध्यक्ष | नगर प्रमुख |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस | ➤ निवेदकको नाम, थर, वतन, जन्म मिति, तिनपुस्ते विवरण र नागरिकता लिएको मिति खलेको प्रमाण<br>➤ दुवै कान देखिने अटो साइजको फोटो ३ प्रति<br>➤ विवाहित महिला भएमा विवाह दर्ता प्रमाणपत्र,<br>➤ वसाइ सरी आएको भए आएको भए बसाइसराई प्रमाणपत्रको प्रतिलिपि । | ☛ प्रति सिफारिस रु.१००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ४ | वैवाहिक अंगिकृत सिफारिस | ➤ सिफारिस मागको निवेदन,<br>➤ अंगिकृत नागरिकता प्राप्त गर्न खोजेको स्पष्ट आधार,<br>➤ साविक मुलुकको नागरिकता परित्याग गरेको वा परित्याग गर्न कारवाही चलाएको पुष्टि गर्ने प्रमाणपत्र,<br>➤ विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, | ☛ प्रति सिफारिस रु.२००/-<br>☛ सर्जमिन वुझ्नु पर्नेमा थप रु.८००/- | ☛ सर्जमिन वुझ्नु नपर्नेमा ३० मिनेट<br>☛ सर्जमिन वुझ्नु | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | ➤ हालसाल खिचेको ३ प्रति अटो साइज फोटो,<br>➤ आवश्यकताको आधारमा सर्जमिन मुचुल्का । | | पर्नेमा भोलिपल्ट सम्म | | |
| ५ | मोही लगत कट्टा सिफारिस | ➤ मोही लगत कट्टा गर्नुपर्ने विवरण खुलेको निवेदन<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ जग्गाधनी दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,<br>➤ जग्गाको प्रमाणित नापी नक्सा<br>➤ आवश्यकताको आधारमा सर्जमिन मुचुल्का | ☛ प्रति सिफारिस रु.१०००/-<br>☛ सर्जमिन बुझ्नु पर्नेमा थप रु.८००/- | ☛ सर्जमिन बुझ्नु नपर्नेमा ३० मिनेट<br>☛ सर्जमिन बुझ्नु पर्नेमा भोलिपल्ट सम्म | वडा अध्यक्ष | नगर प्रमुख |
| ६ | जन्म मिति प्रमाणित गर्ने | ➤ सिफारिस मागको निवेदन,<br>➤ निवेदकको नागरिकताको प्रमाणपत्र र नावालिकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>➤ बसाइ सरी आएको भए सो को प्रमाणपत्र | ☛ प्रति सिफारिस रु.१५०/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ७ | व्यापार व्यवसाय बन्द/ व्यवसाय संचालन नभएको/ व्यवसाय हुँदै नभएको सिफारिस | ➤ बन्द भएको व्यवसायको विवरण खुलेको निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ चालु आर्थिक वर्षसम्मको व्यवसाय नविकरण भएको प्रमाण,<br>➤ भाडाको घरमा व्यवसाय संचालन भएको भए घर भाडा सम्झौता । | ☛ प्रति सिफारिस रु.५००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ८ | व्यापार व्यवसाय नामसारी | ➤ व्यापार व्यवसाय नामसारीको निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ चालु आर्थिक वर्षसम्मको व्यवसाय नविकरण भएको प्रमाण,<br>➤ भाडाको घरमा व्यवसाय संचालन भएको भए घर भाडा सम्झौता । | ☛ नगरपालिकामा दर्ता भई जारी गरिएको व्यवसाय प्रमाणपत्र नियमानुसार नामसारी गर्नु पर्दा नामसारी दस्तुर रु.१०००/- | | वडा अध्यक्ष | नगर प्रमुख |
| ९ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | ➤ सिफारिस मागको निवेदन,<br>➤ निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ विषयसँ सम्बन्धित अन्य कागजात । | ☛ प्रति सिफारिस रु.१५०/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १० | व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एउटै हो भन्ने सिफारिस | ➤ निवेदकको तीन पुस्ते विवरण सहितको निवेदन,<br>➤ निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ नाम, थर, जन्म मिति तथा वतन फरक भएको पुष्टि गर्ने कागजात,<br>➤ आवश्यकता अनुसार स्थलगत सर्जमिन मुचुल्का । | ☛ प्रति सिफारिस रु.१५०/-<br>☛ सर्जमिन बुझ्नु पर्नेमा थप रु.८००/- | ☛ सर्जमिन बुझ्नु नपर्नेमा ३० मिनेट<br>☛ सर्जमिन बुझ्नु पर्नेमा भोलिपल्ट सम्म | वडा अध्यक्ष | नगर प्रमुख |
| ११ | नाम, थर जन्म मिति संशोधनको | ➤ निवेदकको तीन पुस्ते विवरण सहितको निवेदन,<br>➤ निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, | ☛ प्रति सिफारिस रु.१५०/-<br>☛ सर्जमिन बुझ्नु पर्नेमा थप | ☛ सर्जमिन बुझ्नु नपर्नेमा | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिफारिस | ➤ संशोधनको पुष्टि गर्ने कागजात,<br>➤ आवश्यकता अनुसार स्थलगत सर्जमिन मुचुल्का । | रु.८००/- | ३० मिनेट<br>☛ सर्जमिन वुझ्नु पर्नेमा भोलिपल्ट सम्म | | |
| १२ | जग्गा नामसारी सिफारिस | ➤ सिफारिसको निवेदन,<br>➤ निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ नामसारीको लागि पुष्टि गर्ने कागजात,<br>➤ स्थलगत सरजमिन मुचुल्का । | ☛ प्रति सिफारिस रु.१०००/- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| १३ | निजी विद्यालय दर्ता तथा स्तरवृद्धि सिफारिस | ➤ विद्यालय दर्ताको लागि गरिएको निर्णय उतार,<br>➤ गुठी अन्तरगत विद्यालय संचालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि,<br>➤ जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गा वहालमा लिने गरी गरिएको सम्झौता,<br>➤ प्रस्तावित विद्यालयको शैक्षिक नक्सा । | ➤ प्राथमिक तह<br>☛ कक्षा १ रु.१५०००/-<br>☛ कक्षा २ रु.१७५००/-<br>☛ कक्षा ३ रु.२००००/-<br>☛ कक्षा ४ रु.२२५००/-<br>☛ कक्षा ५ रु.२५०००/-<br>➤ नि.मा.वि. तह<br>☛ कक्षा ६ रु.३००००/-<br>☛ कक्षा ७ रु.३५०००/-<br>☛ कक्षा ८ रु.४००००/-<br>➤ मा.वि. तह<br>☛ कक्षा ९ रु.५००००/-<br>☛ कक्षा १० रु.६००००/-<br>☛ कक्षा ११ रु.८००००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| १४ | जन्मदर्ता | ➤ वालक/वालिकाको बुवा आमाको नागरिकताको प्रमाणपत्र,<br>➤ सूचक (परिवारको मुख्य व्यक्ति) को नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,<br>➤ अस्पतालमा जन्मेको भए जन्मको प्रमाणपत्र । | ☛ ३५ दिनभित्र दर्ता गरे निःशुल्क<br>☛ ३५ दिन नाघेपछि रु.२००/- | ३० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| १५ | मृत्यु दर्ता | ➤ मृतकको नागरिकताके प्रमाणपत्र,<br>➤ सूचक (परिवारको मुख्य व्यक्ति) को नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहित निवेदन | ☛ ३५ दिनभित्र दर्ता गरे निःशुल्क<br>☛ ३५ दिन नाघेपछि रु.२००/- | ३० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| १६ | विवाह दर्ता | ➤ आ-आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र सहित पति पत्नी दुवै जना कार्यालयमा उपस्थित भई सूचना दिनु पर्ने,<br>➤ दर्ताद्वारा विवाह भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि । | ☛ ३५ दिनभित्र दर्ता गरे निःशुल्क<br>☛ ३५ दिन नाघेपछि रु.२००/- | ३० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| १७ | सम्वन्ध विच्छेद | ➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ अदालतको फैसला सहित सरोकारवाला व्यक्तिको सूचना । | ☛ ३५ दिनभित्र दर्ता गरे निःशुल्क<br>☛ ३५ दिन नाघेपछि रु.२००/- | ३० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| १८ | वसाइसराइ दर्ता | ➤ वसाइ सरी जाने स्थानको जग्गाधनी प्रमाणपत्र पुर्जा र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ वसाइ सरी जाने परिवारको सदस्यहरुको नाम, थर, | ☛ ३५ दिनभित्र दर्ता गरे निःशुल्क<br>☛ ३५ दिन नाघेपछि रु.२००/- | ३० मिनेट | वडा सचिव | वडा अध्यक्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घरमुलिसँगको नाता र जन्म मिति सहितके विवरण,<br>➤ वसाइ सरी आएको भए सरी आएको गा.पा./न.पा.ले दिएको वसाइसराइ प्रमाणपत्रको प्रतिलिपि,<br>➤ माथि उल्लिखित कागजात सहित परिवारको मुख्य व्यक्तिले सूचना दिनु पर्ने । | | | | |
| १९ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि | ➤ प्रतिलिपि माग गरिएको निवेदन,<br>➤ निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | ☛प्रति गोटा रु.५००/- | ३० मिनेट | वडा सचिव | वडा अध्यक्ष |
| २० | घरवाटो सिफारिस | ➤ घरवाटो सिफारिसको निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ जग्गाधनी पुर्जाको प्रतिलिपि, ब्लु प्रिन्ट र नक्सा । | ☛ वडा नं १ देखि वडा नं ०३ को तावाखोला पुल सम्म सिद्धिचरण राजमार्गले छोएको रु.२०००/<br>☛ वडा नं. ०३ तावाखोला पुल देखि वडा नं. ०४ को मरुवा खोला पुल सम्म सिद्धिचरण राजमार्गले छोएको रु.२५००/-<br>☛ वडा नं ०४ को मरुवा खोला पुल देखि वडा नं १४ को सुनकोशी सम्म रु.१५००/-<br>☛ राजमार्गले छोएको भित्री बाटोहरु ३०० मिटर भित्र सम्म रु. १०००/-<br>☛ भित्री कच्ची वाटोमा रु.५००/-<br>☛ मोटरवाटोले नछोएको रु.४००/-<br>☛ निजी प्लानीङका बाटोहरु रु.५००/-<br>☛ पक्की घर भएकोमा थप दस्तुर रु.१०००/-<br>☛ कच्ची घर भएकोमा थप दस्तुर रु.५००/-<br>☛ साहायक मार्गले छोएको ( साविक गा.वि.स रिस्कू, सोरुङ्ग, लिम्पाटार, सिरिसे, हर्देनी, मयांखु, लेखानी) हालको वडा नं. ५–१४ सम्म रु.६००/-<br>☛ मोटरवाटोले नछाएको (साविक गा.वि.स रिस्कू, सोरुङ्ग, लिम्पाटार, सिरिसे, हर्देनी, मयांखु, लेखानी) हालको वडा नं. ६–१४ सम्म रु.५००/-<br>☛ धरान–चतरा वैकल्पिक राजमार्गले छोएको रु.२०००/-<br>☛ वहुनीटार सडकले छोएको रु.१०००/-<br>☛ प्रति कित्ता थप दस्तुर रु.३००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २१ | जग्गा अंशवण्डा | ➤ निवेदकको तीन पुस्ते विवरण सहितको निवेदन, | ☛ एक कित्ता रु.५००/-<br>☛ सोभन्दा माथि प्रति कित्ता | निवेदन दिएको | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिफारिस | ➤ सवै अंशियारहरुको नागरिकताको प्रमाणपत्र,<br>➤ अंशवण्डा गरिनु पर्ने जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा र व्लु प्रिन्ट,<br>➤ सर्जमिन मुचुल्का । | रु.२००/-<br>☛ सर्जमिन मुचुल्का वापत थप रु.८००/- | भोलिपल्ट | | |
| २२ | चार किल्ला प्रमाणित | ➤ चारकिल्ला प्रमाण्तिका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ जग्गाधनी पुर्जाको प्रतिलिपि, व्लु प्रिन्ट र नक्सा । | ☛ वडा नं १ देखि वडा नं. ०३ को तावा खोला पुल सम्म सिद्धिचरण राजमार्गले छोएको प्रति कित्ता रु.८००/-<br>☛ वडा नं ०३ को तावाखोला पुल देखि वडा नं ०४ को मरुवा खोला सिद्धिचरण राजमार्गले छोएको प्रति कित्ता रु.१०००/-<br>☛ वडा नं ०४ को मरुवा खोला पुल देखि वडा नं १४ को सुनकोशी सम्म सिद्धिचरण राजमार्गले छोएको प्रत्ति कित्ता रु.८००/-<br>☛ राजमार्गले छोएको भित्री वाटोहरु तीन सय मिटर भित्र सम्मका प्रति कित्ता रु.६००/-<br>☛ भित्री कच्ची बाटोका प्रति कित्ता रु.५००/- (मोटरवाटोले न छोएको कित्ता थप प्रति कित्ता रु.५००/-)<br>☛ साहायक मार्गले छोएको ( साविक गा.वि.स रिस्कू, सोरुङ्ग, लिम्पाटार, सिरिसे, हर्देनी, मयांखु, लेखानी) हालको वडा नं. ६–१४ सम्म रु.५००/-<br>☛ मोटरवाटोले नछोएको (साविक गा.वि.स रिस्कू, सोरुङ्ग, लिम्पाटार, सिरिसे, हर्देनी, मयांखु, लेखानी) हालको वडा नं. ६–१४ सम्म रु.४००/-<br>☛ प्रति किता थप दस्तुर रु.३००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २३ | सर्जमिन मुचुल्का | ➤ सर्जमिन मुचुल्का खुलाइएको निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ सर्जमिन मुचुल्का अुनसारका आवश्यक कागजातहरु । | ☛ प्रति सर्जमिन रु.८००/- | निवेदन दिएको भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |
| २४ | पेन्सन सिफारिश | ➤ पेन्सन सिफारिसका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ सिफारिका लागि आवश्यक कागजातहरु । | ☛ वैदेशिक पेन्सन सम्वन्धी सिफारिस रु.१०००/-<br>☛ स्वदेशी पन्सन सम्वन्धी सिफारिस रु.५००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २५ | संघ संस्था दर्ता/ नविकरण सिफारिश | ➤ संघ संस्था दर्ता/ नविकरका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ संघ संस्था दर्ताको लागि उक्त संघ संस्थाको विधान,<br>➤ नविकरणका लागि अघिल्लो आ.व.को अडिट प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र । | ☛सवै किसिमको संस्था दर्ता सिफारिस रु.१५००/-<br>☛ नविकरणका लागि सिफारिस रु.५००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २६ | चारित्रिक | ➤ चारित्रिक सिफारिसका लागि निवेदन, | ☛ व्यक्तिको चारित्रिक सिफारिस | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिफारिश | ➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | रु.३००/- | | | |
| २७ | काठ तथा दाउरा सिफारिश | ➤काठ तथा दाउरा सिफारिसका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | ☛काठ र दाउराको लागि गरीने सबै खाले सिफारिशहरु रु.५००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| २८ | विद्युत जडान सिफारिस | ➤विद्युत जडान सिफारिसका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ घरायसी उपभोगका लागि जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि,<br>➤ कृषि प्रयोजनको लागि सम्बन्धित कृषि योग्य जमिनको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि,<br>➤ घरेलु उद्योग/ औद्योगिक प्रयोजनका लागि उद्योग दर्ता तथा संचालन प्रमाणपत्रको प्रतिलिपि,<br>➤ स्थलगत सर्जमिन मुचुल्का । | ☛घरायसी, कृषि सिंचाई मिटर १६ए.सम्म रु.३००/-<br>☛ व्यवसायिक मिटर १६ए. भन्दामाथि रु.१०००/-<br>☛ थ्री फेज मिटर घरेलु उद्योग रु.१५००/-<br>☛थ्री फेज औद्योगिक मिटर रु.२५००/- | निवेदन दिएको भोलिपल्टस म्म | वडा अध्यक्ष | नगर प्रमुख |
| २९ | निजी धारा जडान सिफारिश | ➤धारा जडान सिफारिसका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | ☛प्रत्येक धाराको लागि रु.२००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३० | अस्थायी बसोवास | ➤अस्थायी बसोबास सिफारिसका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | ☛बसोबास रहेको प्रमाणित रु.५००/-<br>☛धारा विजुली जडान सिफारिस रु.३००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३१ | स्थायी बसोवास सम्बन्धी सिफारिस | ➤ स्थायी बसोबास सिफारिसका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | ☛प्रत्येक सिफारिसको लागि रु.२००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३२ | हैसियत प्रमाणित तथा सिफरिश दस्तुर | ➤हैसियत प्रमाणितका लागि निवेदन,<br>➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>➤ हैसियत प्रमाणिकरणका लागि आवश्यक पर्ने अन्य प्रमाण तथा कागजातहरु । | ➤ऋण र वैदेशिक रोजगारीको लागि :<br>१) रु १० लाख सम्मको लागि रु.१०००<br>२) रु २० लाख सम्मको लागि रु.१५००<br>३) रु ३० लाख सम्मको लागि रु.२०००<br>४) रु ४० लाख सम्मको लागि रु.३०००<br>५) रु ५० लाख सम्मको लागि रु.४०००<br>६) रु ५० लाख भन्दा माथि प्रत्येकलाखमा लाग्ने थप दस्तुर रु.१००/-<br>➤वैदेशिक अध्ययनको लागि<br>१) रु २० लाख सम्मको लागि रु.१५००<br>२) रु ३० लाख सम्मको लागि रु.२०००<br>३) रु ४० लाख सम्मको लागि | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रु.३००० <br><br> ४) रु ५० लाख सम्मको लागि रु.३५०० <br><br> ५) रु ५० लाख भन्दा बढी प्रत्येकलाखमा लाग्ने थप दस्तुर रु.१००/- <br><br> ➤ अंशवण्डा तथा दान बकस सिफारिस रु.५००/- <br><br> ➤ नपाबाट तत्काल गरिएको धितो मूल्यांकन सिफारिश पुनः नविकरण गर्नु पर्दा लागेको दस्तुरको १० प्रतिशत पुनः राजस्व लाग्नेछ | | | |
| ३३ | नक्कल दस्तुर | ➤ नक्कल प्राप्तिका लागि निवेदन, <br><br> ➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | ☛ कार्यालयबाट उपलब्ध गराएकोमा प्रति पाना रु.१०/- | आवश्यकता अनुसार | वडा अध्यक्ष | नगर प्रमुख |
| ३४ | निवेदन दस्तुर | ➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । | ☛साधरण निवेदन रु.१०/- | १० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३५ | लेनदेन / कपाली साक्षी | ➤लेनदेन रकम, <br><br> ➤लेनदेन सम्वन्धी आवश्यक कागजपत्र । | ☛१ लाख सम्म रु.२००/- <br><br> ☛१ लाख भन्दा माथि रु.३००/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३६ | कृषि समूह | ➤कृषि समूह सिफारिसका लागि निवेदन, <br><br> ➤समूहका सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | ☛ प्रति सिफारिस रु.१५०/- | ३० मिनेट | वडा अध्यक्ष | नगर प्रमुख |
| ३७ | वाटो प्रमाणित | ➤ वाटो प्रमाणितका लागि निवेदन, <br><br> ➤ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । <br><br> ➤ जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि <br><br> ➤ आवश्यकता अनुसार सर्जमिन मुचुल्का/स्थलगत अनुगमन | ☛ सिद्धिचरणले छोएको ३०० मिटर सम्म रु.१०००/- <br><br> ☛ मदन भण्डारी राजमार्गले छोएको ३०० मिटर सम्म रु.१०००/- <br><br> ☛ भित्रि वाटोले छोएको ६ मिटरको वाटो रु.५००/- <br><br> ☛ भित्रि वाटोले छोएको ४ मिटरको वाटो रु.३००/- | ☛सर्जमिन बुझ्नु नपर्नेमा ३० मिनेट <br><br> ☛ सर्जमिन/ स्थलगत अनुगमन गर्नु पर्नेमा भोलिपल्ट | वडा अध्यक्ष | नगर प्रमुख |

## निर्णय नं. १४

दरबन्दी तेरिज अनुसार नगरका तथा नगर मातहतका कार्यालयहरुको रिक्त दरबन्दी प्रदेश लोकसेवा आयोगसँग माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

सामाजिक सुरक्षा वितरण गर्नको लागि नगरमा रहेका बैंकहरुलाई वडागतरुपमा पहिलाको जिम्मेवारीमा हेरफेर गरि तपसिल बमोजिमको जिम्बेवारी कायम गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | बैंकको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री कृषि विकास बैंक लि., कटारी शाखा | ७ | |
| २ | श्री सेन्चुरी कमर्सियल बैंक लि., कटारी शाखा | ३ | |
| ३ | श्री माछापुच्छ्रे बैंक लि., कटारी शाखा | १, ११, १३, १४ | |
| ४ | श्री एन. एम. वि. बैंक, कटारी शाखा | ५ | |
| ५ | श्री एन. सि. सि. बैंक लि., कटारी शाखा | ८, १२ | |
| ६ | श्री एन आई. सि. एशिया बैंक लि., कटारी शाखा | ९ | |
| ७ | सिद्धार्थ बैंक लि., कटारी शाखा | ४ | नयाँ |
| ८ | नविल बैंक लि., कटारी शाखा | ६ | नयाँ |
| ९ | ग्लोबल आईएमइ बैंक लि., कटारी शाखा | २, १० | नयाँ |

**निर्णय नं. १६**

सिद्धिचरण राजमार्ग अन्तरर्गत कटारी वडा नं. ३ र ४ को सिमानामा पर्ने कान्छी बजारको बिच भागमा पानी जम्मा भई सर्बसाधारण व्यक्ति तथा सवारी साधनहरु आवतजावत कठिनाई भएको हुनाले दीर्घकालीन समाधान गर्न सम्बन्धित व्यक्तिहरुसंग छलफल गरि उचित व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

कटारी अस्पताललाई प्रादेशिक अस्पताल बनाउनको लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

मिति २०७९/०३/३१, च. नं. ४४१९४-४ स्थानीय २०६५/०७८/७९ को अ. दु. अ. आ. टंगालको पत्रानुसार प्रास भएको उजुरी सम्बन्धमा छलफल गर्दा क. न. पा. लाई कुनै आर्थिक भार नपर्ने गरी सवन्धित जग्गा धनीले Geo-Engineering Consultancy Pvt. Ltd. लाई आफ्नै राजीखुशीमा जग्गा नापेबापत प्रति कित्ता ५०० बुझाउने गरेको, नगरपालिकामा आम्दानी बाधेर काम नभएको जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. १९

यस न. पा.को आ. व. २०७८/७९ को अ.ल्या. बजेटलाई देहायबमोजिमको पुराना तथा नयाँ कार्यक्रम/आयोजना सञ्चालन गर्न विनियोजन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. स. | कार्यक्रम/आयोजनाको नाम | भुक्तानी पाउने व्यहोरा | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|
| १ | डोरहाजिरमा कार्यारतहरुको पारिश्रमिक | धर्मेन्द्र राई | २८६००।०० | समयमा कागजात पेश नहुनु |
| २ | डोरहाजिरमा कार्यारतहरुको पारिश्रमिक | तारा बहादुर खड्का | २८६००।०० | समयमा कागजात पेश नहुनु |
| ३ | डोरहाजिरमा कार्यारतहरुको पारिश्रमिक | शान्ता दुलाल तिमल्सिना | ५८,५००।०० | समयमा कागजात पेश नहुनु |
| ४ | डोरहाजिरमा कार्यारतहरुको पारिश्रमिक | कमला कटुवाल | १३,६५०।०० | समयमा कागजात पेश नहुनु |
| ५ | स.का. तथा विद्यालय कर्मचारी पारिश्रमिक | स.का. तथा विद्यालय कर्मचारी | ६,८७९,०६६।०० | सम्बन्धित खर्च शिर्षकमा मौज्दात नहुनु |
| ६ | पदाधिकारी सेवा सुविधा | नगर प्रतिनिधिहरु | ५०१,५००।०० | जेठ महनिाको बाँकी |
| ७ | आर्थिक सहायता मेघराज राई | मेघराज राई | १००,०००।०० | सम्बन्धित खर्च शिर्षकमा मौज्दात नहुनु |
| ८ | साझेदारी कार्यक्रम (सडक स्तरोन्नती) | साझेदारी कार्यक्रम उपभोक्ता समिति | ५०००० | गोश्वारा भौचर तयार गर्दा भएको त्रुटी |
| ९ | झोलुङ्गे पुल हेरालु पारिश्रमिक | झोलुङ्गे पुल हेरालु कर्मचारी | ६६,०००।०० | समयमा कागजात पेश नहुनु |
| १० | सफ्टवयर व्यवस्थापन | साङ्ग्रीला इन्फर्मेटिक प्रा.लि. | ८९,८३५।०० | सम्बन्धित खर्च शिर्षकमा मौज्दात नहुनु |
| ११ | पानी विजुली | मैया कुमारी कार्की | ७,४४१।०० | सम्बन्धित खर्च शिर्षकमा मौज्दात नहुनु |
| १२ | च्याँङ्गा रिङ्गरोड कालोपत्रे सडक निर्माण | आर्यन कन्स्ट्रक्सन मल्टिपर्पोज | ९००६५५ | कार्यक्रमगत रकम नहुनु |
| १३ | खेल मैदान निर्माण भदौरे | खेल मैदान निर्माण भदौरे उ.स. | ९५०००० | समयमा कागजात पेश नहुनु |
| १४ | वल्लो सल्लेरी, माथिल्लो भदौरे, रमाइलो डाँडा डाँडगाउँ सल्ला विसौना सडक मर्मत | वल्लो सल्लेरी, माथिल्लो भदौरे, रमाइलो डाँडा डाँडगाउँ सल्ला विसौना सडक मर्मत यो उ स | ९५०००० | समयमा कागजात पेश नहुनु |
| १५ | विभिन्न सडक निर्माण | विभिन्न सडक निर्माण योजना | ५७०००० | समयमा कागजात पेश नहुनु |
| १६ | पर्शुराम गौरी कुण्ड निर्माण( पर्यटन पूर्वाधार विकास चनौटे झरना गौरी कुण्ड बगान) | श्री पर्शुराम गौरी कुण्ड निर्माण उ स | १९०००० | समयमा कागजात पेश नहुनु |

| | | | | |
|---|---|---|---|---|
| १७ | रचना महिला समुह भवन निर्माण | ५ नं वडा | २००००० | समयमा कागजात पेश नहुनु |
| १८ | कटारी सेफ्टी ट्याङ्की | | ३००००० | सम्बन्धित खर्च शिर्षकमा मौज्दात नहुनु |
| १९ | स्थानिय सुरक्षा निकायको ट्रस्ट भवन निर्माण | भक्त ईन्जिनियरिङ्ग वर्कसप | ५९६४९ | कार्यक्रमगत रकम नहुनु |
| २० | गराँस भित्रि सडक कालोपत्रे | भिमेश्वर कन्स्ट्रक्शन प्रा.लि. | २१००००० | क्रमागत |
| २१ | ५ नं वडा कार्यालय भवन निर्माण | ५ नं वडा कार्यालय | ५००००० | निर्णयानुसार |
| २२ | १२ नं वडा कार्यालय भवन निर्माण | १२ नं वडा कार्यालय | ५००००० | निर्णयानुसार |
| २३ | जनतासँग मेयर कार्यक्रम | | ४०००००० | नीतिमा समावेश |
| २४ | महिला तथा वालवालिकासँग उपमेयर | | २५००००० | नीतिमा समावेश |
| २५ | कान्छि बजार नाला व्यवस्थापन | | २४००००० | नयाँ निर्णय |
| २६ | संघ तथा प्रदेश साझेदारी कार्यक्रम | | १०००००००० | साझेदारीको लागि |
| २७ | क्रमागत योजना | | ५०००००० | कार्यक्रमगत रकम नहुनु |
| २८ | स्वकिय सचिव पारिश्रमिक | | १०००००० | नयाँ निर्णय |
| | | | ३९९४३४९६।०० | |

**निर्णय नं. २० (विविध)**

क) वडा नं. १ को खसिवासमा एउटा स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य क्लिनिकको स्थापना गर्ने प्रकृया शुरु गर्ने निर्णय गरियो।

ख) स्वास्थ्य चौकी बेलसोतका लागि एउटा एम्बुलेन्स प्रदेश तथा संघिय निकायमा माग गर्ने निर्णय गरियो।

ग) नगरको सार्वजनीक जग्गा तथा अन्य सार्वजनीक सम्पतीको विवरण अध्यावधिक र संकलन गर्न सबै वडा कार्यालयले यथाशिघ्र उक्त विवरणहरु संकलन गरि नगरमा पेश गर्ने निर्यण गरियो।

घ) वडा नं. १० को सोरुङ छबिसे र वडा नं. १४ को लेखानीमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि सम्बन्धित निकायमा माग गर्ने निर्यण गरियो।

ङ) कृषि तथा पशुपंछी विकास मन्त्रालयको च.नं. ११, मिति २०७९/०४/०५ को पत्रानुसार उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यक्रम रहेको हुदाँ यस कटारी नगरक्षेत्र भित्र रहेको बाँझो तथा उपयोगमा नआएको कृषि योग्य जग्गामा विवरण पठाउनु पर्ने भएकाले यथाशिघ्र वडा कार्यालयहरु मार्फत विवरण संकलन गरि नगरपालिकामा पेश गर्ने र नगरले कृषि ब्यवसायीक प्रवर्द्धन महाशाखामा भाद्र मसान्त भित्र पठाउने निर्णय गरियो।

च) आगामी आ.व. को लागि साना सिँचाई आयोजन (SIP) माग गर्न सबै वडा कार्यालयहरुमा आयोजनाको माग फारम पठाउने र ७ दिन भित्र आयोजना माग गरिसक्नु पर्ने निर्णय गरियो।

छ) सम्पूर्ण वडा कार्यालयमा रहेका वडा सचिवहरुलाई वडा कार्यालयको सूचना अधिकारी तोक्ने निर्णय गरियो।

ज) आ. व. २०७९/८० को लागि वडा अध्यक्षज्यूहरुलाई प्रति महिना २० लिटर पेट्रोल र कार्यपालिका सदस्यहरुलाई प्रति महिना ७ लिटर पेट्रोल तथा वडा अध्यक्षज्यूहरुलाई सवारी साधन मर्मत खर्च वापत बार्षिक रु. २०,००० (बिस हजार मात्र) दिने निर्णय गरियो।

झ) फोहोरमैला व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साइटको लागि पहिलानै गठित Landfield site खोज तथा फोहोर मैला व्यवस्थापन समिति कार्यदलले यस आ. व. को असोज महिनासम्ममा कार्यपालिकामा रिपोर्ट पेश गर्ने निर्णय गरियो।

ञ) वडा नं. ६ को नया भवनवाट नियमित स्वास्थ्य सेवा प्रदान गर्ने र पुरानो भाडामा रहेको सेवालाइ यथावत संचालन गर्ने र वडा स्वास्थ्य कार्यालयको नाममा रहेको जग्गामा ट्रमा सेन्टरको लागि पहल गर्ने निर्णय गरियो।

ट) वडा नं. १४ को कार्यालय भवनको निर्माणको लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार निशुल्क जग्गा उपलब्ध गराउने जग्गा दाताहरुको निबेदन माग गर्ने निर्णय गरियो।

ठ) इसाई (Christian) तथा मुस्लिम समुदायहरुका लागि समाधि स्थलको व्यवस्थापन गर्ने निर्णय गरियो।

ड) वडा नं. १२ को प्रहरी चौकी निर्माणको गर्नको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो।

ढ) गत आ. व. यस नगरपालिकामा प्रदेश सरकारबाट कोल्ड स्टोर निर्माण/आयोजनाका लागि विनियोजित बजेटलाई ठेक्का प्रक्रियाबाट खर्च गर्न नियमानुसार सूचना जारी गरिएको र उक्त आयोजना निर्माणको लागि उदयपुर लामा कन्स्ट्रक्सनले ठेक्का प्राप्त गरेको तर सम्झौता अवधि भित्र उदयपुर लामा कन्स्ट्रक्सन सम्झौता गर्न नआएको र दोश्रो कम्पनिसंग सम्झौता गर्न आ. व. को अन्तिम समय भएकोले नसकिएको सन्दर्भमा उक्त उदयपुर लामा कन्स्ट्रक्सनलाई सार्बजनिक खरिद ऐन तथा नियमावली बमोजिम निज कम्पनीको धरौटी रकमको ५०% जफत गर्ने/नगद दाखिला गर्न लगाउने र सचेत गराउने साथै दोश्रो ठेक्का कम्पनि NCG Group of Construction लाई नियमानुसार धरौटी रकम ठेक्का फिर्ता गर्ने निर्णय गरियो।

ण) बर्षाको कारणले नगरपालिकाको विभिन्न क्षेत्रमा पर्न जाने विपद जोखिम अन्तर्गत खहरे कटान, पहिरो आदिलाई व्यवस्थापन गर्न नगरसभाले स्वीकृत गरेको विपद व्यवस्थापन शीर्षकबाट रु १० लाख बराबरको जाली खरिद गरी मागको आधारमा विपद व्यवस्थापन समितिमार्फत वितरण गर्ने निर्णय गरियो ।